आज मिति २०८१।०३।९ गते आईतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को १४ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ~~९८४१५१८५८०~~<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | माधव |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | शान्ति |

आमन्त्रीतउपस्थिति :-

१.श्री मोहन कुमार राई - सूचना अधिकारी - ९८५२८४४०७३

Scanned with CamScanner

प्रस्तावहरुः-

१) अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा।

२) आगामी आ. व. २०८१/०८२ को निति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा।

३) कार्यविधीहरु स्वीकृत गर्ने सम्बन्धमा

४) स्थानीय विपद सहायता कक्ष स्थापना सम्बन्धमा।

५) विविध

क) विपत पिडितहरुलाई र अन्य आर्थिक सहायता सम्बन्धमा।

ख) चौदण्डी वडा नं. १ मा महिला भवन घेराबेरा सम्बन्धमा ।

ग) चालु आ.व.२०८०।८१ को प्रक्षेपित राजश्व अनुमान र संकलित राजश्व सम्बन्धमा।

घ) आ.व. २०८१।०८२ को आन्तरिक आय प्रक्षेपण सम्बन्धमा।

ङ) आगामी आ.व.२०८१।०८२ देखि आ.व.२०८३।०८४ सम्मको आय प्रक्षेपण गर्ने सम्बन्धमा।

च) आन्तरिक हाट वजार र विज्ञापन कर को ठेक्का आव्हान गर्ने सम्बन्धमा।

छ) बेल्टार एकता युवा क्लबलाई आर्थिक सहायता सम्बन्धमा।

ज) चौ न पा ५ वडा स्तरीय फुटबल प्रतियोगिता आर्थिक सहायता सम्बन्धमा।

झ) चौ. न. पा. किराँत राई यायोख्याको माग सम्बन्धमा।

**निर्णयहरुः**

१) नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेका केही निर्णयहरु कार्यान्वयन भईरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो।

२) यस चौदण्डीगढी नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१/२०८२ को लागि तयार गरिएको तपशिल बमोजिमको निति, कार्यक्रम तथा बजेट, आर्थिक विद्येयक, विनियोजन विद्येयक उपर छलफल तथा स्वीकृतीका लागि मिति २०८१।०३।१० गते बस्ने १६ औं नगरसभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

- निति तथा कार्यक्रम २०८१/०८२

-चौदण्डीगढी नगरपालिका आर्थिक विद्येयक,२०८१

-चौदण्डीगढी नगरपालिका विनियोजन विद्येयक,२०८१

Scanned with CamScanner

३) चौदण्डीगढी नगरपालिकाद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुलाई नियमानुसार सञ्चालन गर्ने उद्देश्यले विद्यायन समितिको मिति २०८०।०२।१४ गतेको बैठकले निर्णय गरी सिफारिस गरिएका तपसिल बमोजिमका कानून तथा कार्यविधिहरु स्वीकृतीका लागि मिति २०८१।०३।१० गते बस्ने नगरसभा समक्ष पेश गर्ने सर्ब सम्बत निर्णय पारित गरियो ।

तपशिलः

क) चौदण्डीगढी नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्र प्रमाणिकरण (कार्यविधी) नियमावली

ख) मेयर प्राविधिक अध्ययन छात्रबृत्ति सम्वन्धि विद्येयक, २०८१

ग) चौदण्डीगढी नगरपालिकाको आर्थिक सहायता ( वितरण तथा व्यबस्थापन) विद्येयक, २०८१

घ) चौदण्डीगढी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि विद्येयक, २०८१

४) स्थानीय विपद् सहायता कक्ष स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय उदयपुरको च. नं. ४१३० मिति २०८१।०२।३० को पत्रबाट लेखि आएको हुँदा पत्र साथ संलग्न कार्यादेश कार्यान्वयन गर्न यस चौदण्डीगढी नगरपालिकामा तपशिल बमोजिमको स्थानीय विपद् सहायता कक्ष स्थापन गर्न सर्बसम्बत निर्णय गरियो ।

तपशिलः

प्रमुख प्रशासकीय अधिकृत श्री जित बहादुर श्रेष्ठ - संयोजक

नेपाल रेडक्रस सोसाईटी बेल्टार शाखा श्री कमला खड्का -सदस्य

नागरीक समाज प्रतिनिधि श्री कृष्ण पराजुली -सदस्य

विपद फोकल पर्सन श्री नेत्र बहादुर वि. क. -सदस्य सचिव

५) विविध

क) विपत पिडितहरुलाई र अन्य आर्थिक सहायता सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट घर गोठ आगलागी, हावाहुरीले घरको छानो उडाएको आदि विपत जन्य घटनाको प्रहरी सर्जमिन सहित आर्थिक सहायताको लागि र अन्य विपन्न नागरिकको औषधी उपचारको लागि समेत सिफारिस भई आएको हुँदा तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने र उक्त भुक्तानी विपद व्यबस्थापन वा अन्य उपयुक्त स्रोतबाट हुन सर्बसम्मत निर्णय गरियो ।

विपत पिडित

| क्र. सं. | पिडितको नाम ठेगाना | निर्णय रकम वा सामाग्री | कैफियत |
|---|---|---|---|
| १ | खड्ग बहादुर बस्नेत चौ. न. पा. ९ | १५०००।- | आगलागी |
| २ | बृष बहादुर थापा चौ. न पा ९ | १५०००।- | आगलागी |
| ३ | मदन दिप साम्पाङ राई चौ. न. पा. -३ | ५००००।- | चट्याङ |
| ४ | प्रेम विष्ट चौ. न. पा. -५ | २००००।- | हात्तीले घर भत्काई दिएको२०८७९।०९।२४ मा निर्णय भएको भुक्तानी नभएको । |

Scanned with CamScanner

अन्य आर्थिक सहायता

भजन कृतन मण्डली समुहले भजन किर्तन सामाग्री माग गरेको, जातजाती समूहले चाडपर्व मनाउन तथा विपन्न नागरिकले आर्थिक सहयोग पाउन पेश गरेको माग निबेदन सम्बन्धमा तपशिल बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. सं. | विरामीको नाम ठेगाना | निर्णय रकम | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | सुम्निमा पारुहाङ साकेला नाच संरक्षण समिति बसाहा -३ | रु ५०००।- | जातजाती चाडपर्व प्रबर्द्धन कार्यक्रम | साकेला नाचको लागि |
| २ | भिम सरदार बाबा किर्तन मण्डली चौ. न. पा. -९ | २५०००।- | भजन किर्तन समूहलाई सामाग्री खरिद | |
| ३ | निर बहादुर खत्री चौ न पा ४ | २५०००।- | | दुबै मृगौला फेल भएको। बजेट शिर्षक नभएकोले उपयुक्त श्रोतबाट |

ख) चौदण्डी वडा नं. १ मा महिला भवन घेराबेरा सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका बाट चालु आ. व. २०८०/०८१ मा नगर स्तरीय स्वीकृत कार्यक्रम अनुसार **चौदण्डी वडा नं १ मा महिला भवन घेराबेरा** शिर्षकमा रकम विनियोजन भएको तर प्राविधिक स्तलगत अनुगमन तथा उक्त महिला भवनको अवस्था अनुसार तहाँ भवन घेराबेरा भनी योजना माग भएको र स्थानीय स्तरमा घेराबेरा भन्नाले भवनको पर्खाल सम्बन्धि कार्य भएकोले सोही बमोजिम इष्टिमेट तयार गराई कार्य सम्पन्न समेत भैसकेकोले सम्पन्न कार्यलाई नै स्थानीय बोलचालको भाषामा घेराबेरा मानी भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.नं. | आ. व. | योजनाको नाम | रकम रु. |
|---|---|---|---|
| १ | २०८०/०८१ | **चौदण्डी वडा नं १ मा महिला भवन घेराबेरा** | १०००००।- |

ग) चालु आ.व.२०८०।८१ को प्रक्षेपित राजश्व अनुमान र संकलित राजश्व सम्बन्धमा ।

यस नगरपालिकाको चालु आ.व. २०८०।८१ को अनुमान र यथार्थ आय तर्फ मिति २०८० श्रावण १ गते देखि मिति २०८१जेष्ठ १५ गतेसम्मको आन्तरिक आम्दानीका आधारमा राजश्व परामर्श समितिको सिफारिस निर्णयलाई नगर कार्यपालिका बैठकमा अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

घ) आ.व. २०८१।०८२ को आन्तरिक आय प्रक्षेपण सम्बन्धमा।

यस नगरपालिकाको आगामी आ.व.२०८१।८२को आन्तरिक राजश्वको आय प्रक्षेपणगरे बमोजिम राजश्व राजश्व परामर्श समितिको सिफारिस निर्णयलाई नगर कार्यपालिका बैठकमा अनुमोदन गर्ने निर्णय गरियो।

ङ) आगामी आ.व.२०८१।०८२ देखि आ.व.२०८३।०८४ सम्मको आय प्रक्षेपण गर्ने सम्बन्धमा।

यस नगरपालिकाको आगामी आ.व.२०८१।८२ देखि आ.व. २०८३।०८४ सम्मको आन्तरिक राजश्वको आय प्रक्षेपण गरे बमोजिम राजश्व राजश्व परामर्श समितिको सिफारिस निर्णयलाई नगर कार्यपालिका बैठकमा अनुमोदन गर्ने निर्णय गरियो।

च) आन्तरिक हाट वजार र विज्ञापन कर को ठेक्का आव्हान गर्ने सम्बन्धमा।

यस नगरपालिकाको नगर क्षेत्रभित्र आन्तरिक आय संकलनका गर्न आगामी आ.व.२०८१।०८२ को लागि राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आए बमोजिम नै हुने गरीअनुमोदन गरी स्थानिय हाटबजारहरु र विज्ञापन कर संकलन गर्न शिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गर्ने भनि नगर कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरियो।

छ) बेल्टार एकता युवा क्लबलाई आर्थिक सहायता सम्बन्धमा।

बेल्टार एकता युवा क्लबले उदयपुर जिल्ला "ए" डिभिजन लिग फुटवल प्रतियोगिता २०८१ मा सहभागी हुन आर्थिक सहायता पाउँ भनी यस नगरपालिकामा निबेदन प्राप्त भएकोमा चालु आ. व. २०८०/०८१ मा विनियोजित बजेट शिर्षक " लक्षित समूहमा कार्यक्रम" बाट रु. ७५०००।– आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

ज) चौ न पा ५ वडा स्तरीय फुटबल प्रतियोगिता आर्थिक सहायता सम्बन्धमा।

चौ न पा ५ वडा स्तरीय वडा अध्यक्ष फुटबल प्रतियोगिता सञ्चालन गर्नको लागि आर्थिक सहायता पाउँ भनी यस नगरपालिकामा निबेदन प्राप्त भएकोमा चालु आ. व. २०८०/०८१ मा विनियोजित बजेट शिर्षक कन्टिजेन्सी वा उपयुक्त बजेट स्रोत बाट रु. २५०००।– आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

झ) चौ. न. पा. किराँत राई यायोख्याको माग सम्बन्धमा।

त्रियुगा नगरपालिकामा मिति २०८१।३।८ गते सञ्चालन भएको गिता स्मृती साकेला प्रतियोगितामा यस चौदण्डीगढी नगरपालिकाबाट समेत किराँत राई यायोख्याबाट नगर स्तरीय टिम सहभागी भएको र उक्त कार्यक्रममा जानको लागि नगरपालिकामा यातायात र खाजा व्यबस्थाको माग गरेको हुँदा सो को लागि जातिय चाडपर्व खर्च शिर्षकबाट रु. १५०००।– उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner